नेपाल कम्युनिष्ट पार्टी (एमाले)
Communist Party of Nepal (UML)
केन्द्रीय कार्यालय / Central Office

११ भदौ २०७९

# प्रेस विज्ञप्ति

नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कमिटीको चौथो पूर्ण बैठक अध्यक्ष केपी शर्मा ओलीको अध्यक्षतामा आज २०७९ भदौ ११ गते सम्पन्न भएको छ । बैठकले पार्टी अध्यक्ष कमरेडलाई आगामी निर्वाचनमा भावी प्रधानमन्त्रीको रूपमा अघि सार्दै पार्टीले बहुमत ल्याउन आमनिर्वाचन जाने निर्णय गरेको छ ।

पार्टी केन्द्रीय कार्यालय च्यासल ललितपुरमा हिजो र आज बसेको बैठकले अध्यक्ष कमरेडले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदन सुझावसहित पारित गऱ्यो । बैठकले महत्वपूर्ण विभिन्न निर्णय गरेको छ । निर्णयहरू यसप्रकार छन्:

१. अध्यक्ष कमरेडले प्रस्तुत गर्नुभएको राजनीतिक प्रतिवेदनमाथि कमिटीका सदस्यहरूले नौवटा समूहमा अलग-अलग रहेर छलफल गर्नुभयो । समूहबाट प्राप्त उपयुक्त सुझावलाई अध्यक्षद्वारा मनन गरी प्रस्तुत प्रतिवेदन पारित गरियो ।

२. केन्द्रीय सल्लाहकार परिषद्, केन्द्रीय अनुशासन आयोग, केन्द्रीय लेखा आयोग र केन्द्रीय निर्वाचन आयोगका अध्यक्षले आ-आफ्ना आयोगका काम र अपेक्षाका बारेमा बैठकलाई जानकारी दिनुभयो । बैठकले उक्त जानकारीहरू ग्रहण गऱ्यो ।

३. आगामी ०७९ मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनका लागि प्रत्यक्षतर्फ र समानुपातिक उम्मेद्वारको सिफारिस प्रक्रिया र उम्मेदवार छनौट मापदण्ड बैठकले निर्धारण गरेको छ ।

४. स्थानीय तह निर्वाचनका सम्बन्धमा विभिन्न व्यक्तिका विरूद्ध परेका उजुरीहरू र त्यसमाथिको छानवीन कार्यदलको कामका बारेमा संयोजक उपाध्यक्ष विष्णुप्रसाद पौडेलले बैठकलाई जानकारी गराउनुभयो ।

५. केन्द्रीय कमिटीको तेस्रो बैठकपछि सचिवालय बैठकबाट गरिएका निर्णयहरू अनुमोदन गरिएको छ । सचिवालयले निर्वाचन घोषणा-पत्र मस्यौदा कार्यदल र केन्द्रीय निर्वाचन परिचालन कमिटी गठन गरेको थियो । त्यस्तै, विभाग सचिवहरूको मनोनयन र तीन विभाग विस्तार, स्थानीय तह विकास विभागको निर्देशिका र नीति अनुसन्धान प्रतिष्ठानको कार्यविधि, पार्टी प्रवेश गरेकाहरूको व्यवस्थापनको कामसम्बन्धी प्रस्ताव, केन्द्रीय सल्लाहकार परिषद् र केन्द्रीय

कमिटीमा मनोनयन, छ जना केन्द्रीय सदस्यहरूको जिम्मेवारीमा गरिएको सामान्य हेरफेरलगायतका निर्णय अनुमोदन गरिएको छ ।

६. क) बैठकले **भारत प्रवासको कामलाई व्यवस्थित गर्न नियमावली निर्माण गर्ने भएको छ । त्यसका लागि क.** खगराज अधिकारी संयोजक र सदस्यहरू क. डा. राजन भट्टराई, क. रमेश बडाल र क. हरि घिमिरे रहनुभएको कार्यदल गठन गरिएको छ ।

ख) त्यसैगरी, प्रतिष्ठानको कामलाई व्यवस्थित गर्न नियमावली निर्माणका लागि क. खगराज अधिकारी संयोजक तथा क. सीता गिरी, क. रमेश बडाल र क. शान्ति अधिकारी सदस्य रहनुभएको कार्यदल गठन गरिएको छ ।

ग) मनोनीत केन्द्रीय सदस्यहरूको कार्यविभाजन गरिएको छ । जसअनुसार, क. धर्मदत्त देवकोटा- सहइञ्चार्ज, बागमती प्रदेश, क. ब्रिजेश गुप्ता- सहइञ्चार्ज, लुम्बिनी प्रदेश, क. जीवन गौतम- सहइञ्चार्ज, लुम्बिनी प्रदेश र क. अमृतलाल राजवंशीलाई झापा जिल्लाको सहइन्चार्जको जिम्मेवारी दिइएको छ ।

घ) २०७९ साल मंसिर ४ गते सम्पन्न हुने पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक निर्वाचन प्रणालीतर्फको प्रतिनिधिसभा सदस्य र प्रदेशसभा सदस्यको उम्मेदवारी पार्टीले निर्धारण गरेको मापदण्ड पूरा भई प्रचलित निर्वाचन कानुनबमोजिम योग्य उम्मेदवारहरूको चयन गरी औपचारिक मनोनयन/बन्दसूचीको निर्णय गर्ने अधिकार केन्द्रीय कमिटीको तर्फबाट पार्टीको केन्द्रीय सचिवालयलाई दिने निर्णय गरियो । प्रचलित निर्वाचन कानुनबमोजिम औपचारिक मनोनयन-पत्र दिन र उम्मेदवारको बन्दसूची पेश गर्न दलको केन्द्रीय कमिटीको तर्फबाट पार्टीका केन्द्रीय अध्यक्ष एवम् दलका प्रमुख पदाधिकारी क. **केपी शर्मा ओली**लाई अख्तियारी दिने निर्णय गरियो ।

केन्द्रीय कमिटीको चौथो बैठकले विभिन्न विषयमा समसायिक प्रस्ताव पारित गरेको छ । बैठकद्वारा पारित प्रस्ताव यसप्रकार छन्ः

१. यो बैठक आगामी २०७९ मंसिर ४ गते हुने निर्वाचनमा अध्यक्ष कमरेड केपी शर्मा ओलीको नेतृत्वमा बहुमतको सरकार बनाउने संकल्पका साथ सिंगो पार्टी एकताबद्ध भएर होमिने प्रतिबद्धता व्यक्त गर्दछ र राजनीतिक स्थायित्वका लागि नेकपा (एमाले) का पक्षमा जनादेश दिन आमजनसमुदायमा आह्वान गर्दछ ।

२. आगामी २०७९ मंसिर ४ गते हुने प्रदेशसभा तथा प्रतिनिधिसभाको निर्वाचन साँचो अर्थमा जनमत संग्रहका रूपमा देखापर्देछ । अग्रगमन, समृद्धि र राष्ट्रिय

स्वाभिमानका पक्षधर शक्तिका विरूद्धमा बनिरहेका दृश्य र अदृश्य गठबन्धनहरूले यस निर्वाचनलाई झन् पेचिलो बनाउँदै लगेको छ । स्थापनाकालदेखि नै प्रतिक्रियावादीहरूका हरेक षड्यन्त्र र घेराबन्दीहरूलाई परास्त गर्दै मुलुक र जनताको पक्षमा दृढतापूर्वक उभिँदै यहाँसम्म आइपुगेको हाम्रो पार्टीले यस निर्वाचनमा हरहालतमा सफलता हासिल गर्नैपर्छ । जनविरोधी शक्तिलाई जनताका माध्यमबाट पराजित गर्न र मुलुकलाई समृद्धिको मार्गमा अग्रसर गराउनका लागि हाम्रो सिंगो कार्यकर्तापंक्ति अझ बढी सचेत, जुझारू र क्रियाशील हुन जरूरी छ । यो बैठक, आशन्न निर्वाचनमा पार्टीलाई बहुमतसहितको पहिलो शक्तिका रूपमा विजयी बनाउन लागि आ-आफ्नो कार्यक्षेत्रमा सक्रियतापूर्वक अहोरात्र खट्न हाम्रो पार्टीका सबै कमिटीहरू, नेता, कार्यकर्ता र जनसंगठनहरूलाई हार्दिक आह्वान गर्दछ ।

३. स्थानीय तह निर्वाचन जस्तै संविधानले किटानी व्यवस्था गरेको प्रदेशसभा र प्रतिनिधिसभाको आवधिक निर्वाचनलाई पनि समयमै नगर्नका लागि सत्तारूढ गठबन्धनले अनेक तिकडम गऱ्यो । निर्वाचनको घोषणा भइसकेपछि त्यसलाई प्रभावित पार्नका लागि राज्यशक्तिको दुरूपयोग गर्न सरकार सक्रिय छ । निर्वाचन घोषणा भएपछि स्वतः काम चलाउमा रूपान्तरण भइसकेको सरकारलाई निर्वाचनलाई प्रभावित पार्ने र मुलुकलाई असर गर्ने गम्भीर प्रकृतिका कुनै पनि निर्णय गर्ने अधिकार छैन । तर, सामान्य लोकतान्त्रिक मर्यादाको पनि धज्जी उडाउँदै र अधिकारको दुरूपयोग गर्दै सरकारले आगामी निर्वाचनलाई प्रभावित पार्नका लागि आफ्ना नातागोता पोस्ने, विभिन्न नियुक्ति गर्ने, सरूवा-बढुवा गर्ने, आफू अनुकूलका व्यक्तिहरूलाई ठेक्कापट्टा दिने र विदेशीसँग सम्झौता गर्नेजस्ता कतिपय गम्भीर निर्णयहरू गरिरहेको छ । यस सम्बन्धमा हाम्रो पार्टीका तर्फबाट गम्भीरतापूर्वक सरकारको ध्यानाकर्षण पनि गरिएको छ । अझै यस्ता कामहरू जारी रहेकोमा आपत्ति प्रकट गर्दै यो बैठक त्यस्ता क्रियाकलापहरू अविलम्ब बन्द गर्नका लागि सरकारलाई खबरदारी गर्दछ । साथै, निर्वाचनलाई स्वच्छ, मर्यादित, पारदर्शी र भयरहित बनाउनका लागि आवश्यक वातावरण निर्माण गर्न आग्रह गर्दछ ।

४. निर्वाचनलाई निष्पक्ष, स्वच्छ र मर्यादित बनाउनका लागि संविधानले नै व्यवस्था गरेको निर्वाचन आयोगको भूमिका महत्वपूर्ण छ । आफ्नो स्पष्ट संवैधानिक भूमिका निर्वाह गर्नबाट निर्वाचन आयोग चुक्दा सुरूदेखि नै समग्र निर्वाचन प्रक्रिया कमजोर हुन्छ । विगतका कतिपय सन्दर्भहरूमा निर्वाचन आयोगको भूमिका आफ्नो दायित्वअनुकूल नभएको अनुभव छ । यो बैठक, कुनै पक्षको दवाव र प्रभावमा

नपरी संविधान र कानुनले निर्धारण गरेबमोजिमको निष्पक्ष र तटस्थ भूमिका प्रभावकारी रूपमा निर्वाह गर्न निर्वाचन आयोगलाई आग्रह गर्दछ ।

५. महंगी र कालाबजारीले मुलुक आक्रान्त बनेको छ, आमनागरिकको दैनिक जीवन अत्यन्त कष्टकर बनेको छ । पेट्रोलियम पदार्थमा गरिएको अत्यधिक मूल्यबृद्धिले सबै क्षेत्र प्रभावित भएका छन् । भारतबाट पेट्रोलियम पदार्थको मूल्य बढेर आयो भनेर रातारात मूल्यबृद्धि गर्ने सरकारले घटेर आउँदाचाहिँ घटाउने गरेको छैन । मूल्यबृद्धिको फाइदा निश्चित व्यापारिक समूहले कालाबजारीमार्फत् उठाइरहेका छन् । जनताको दैनिक जीवनमाथि गरिएको यसप्रकारको खेलवाडप्रति आपत्ति प्रकट गर्दै यो बैठक जनजीवन सहज बनाउने गरी मूल्य र कालाबजारी नियन्त्रण गर्न सरकारको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउन चाहन्छ ।

६. मुलुकमा भएका अनियमितता र कानुनविपरीतका क्रियाकलापहरू नियन्त्रण गर्ने जिम्मेवारी बोकेको सरकार स्वयम् राज्यलाई कमजोर बनाउने, निश्चित व्यापारिक घरानाका प्रतिनिधिहरू सामेल गरेर करका दरहरू निर्धारण गर्ने, राज्यको ढुकुटीमा प्वाल पार्ने र निश्चित व्यापारिक समूहहरूको स्वार्थपूर्ति गर्ने काममा व्यस्त छ । निश्चित व्यापारिक घरानालाई लक्षित गरेर नीति-नियम बनाउने सरकारको अत्यन्त आपत्तिजनक दुष्कर्मले मुलुकलाई क्रमशः माफियाकरणको बाटोतिर उन्मुख गराइरहेको छ । सरकारको संरक्षणमा भ्रष्टाचार, अनियमिता र सेटिङका ठूल्ठूला अनैतिक र आपराधिक कामहरू भइरहेका छन् । यस्ता अनैतिक र आपराधिक क्रियाकलापहरूको घोर भत्सर्ना गर्दै यो बैठक ती कुकर्महरू अविलम्ब रोक्न सरकारलाई खबरदारी गर्दछ ।

७. जनताको दैनिक जीवनसँग कुनै मतलब नभएको सरकार किसानका लागि अनिवार्य रासायनिक मल उपलब्ध गराउने आफ्नो न्यूनतम दायित्वबाट पूरै विमुख भएको छ । बर्षायाम सकिन लाग्दा पनि मल नपाएपछि किसानहरू मलबिना नै धान रोप्न बाध्य भएका छन् ।

शैक्षिक सत्र सुरू भएको आधा वर्ष पुग्न लाग्दा विद्यार्थीका हातमा पाठ्यपुस्तक पुग्नसकेको छैन । हरेक वर्ष शैक्षिक सत्र निर्धारित समयमा सुरू हुन्छ भन्ने थाहा हुँदाहुँदै सरकार कानमा तेल हालेर बसेका कारण अनिवार्य शिक्षा हासिल गर्ने अधिकारबाट हाम्रा बालबालिकाहरू विमुख हुने अवस्था उत्पन्न भएको छ ।

सरकारले कोरोना बीमाको रकम उपलब्ध नगराउने, स्वास्थ्य बीमा असफल पार्ने, सामाजिक सुरक्षा कार्यक्रम निस्प्रभावी बनाउने जस्ता कामहरू गरिरहेको छ ।

मिटरब्याजीको आतंकबाट पीडित मधेसका जनताले त्यसका विरूद्धमा निरन्तर आवाज उठाइरहँदा पनि सुनुवाइ भएको छैन र उल्टै उनीहरूमाथि ज्यादती गरिँदा पनि सरकार मौन छ । यो बैठक, सरकारको यस्तो नालायकीप्रति खेद प्रकट गर्दै सरकारलाई जिम्मेवार बन्न र आवश्यक व्यवस्था अविलम्ब मिलाउन माग गर्दछ ।

८. मुलुकको शैक्षिक वातावरण सुधार गर्न होइन, बिगार्न वर्तमान सरकार उद्यत छ भन्ने कुरा आफ्ना भातृसंगठन परिचालन गरी त्रिभुवन विश्वविद्यालयमा मच्चाएको अराजकताबाट पुष्टि हुन्छ । गठबन्धनको निर्देशन र सरकारको सुरक्षामा सरकारी पक्षले नै विश्वविद्यालयमा तालाबन्दी र तोडफोड गर्ने, पदाधिकारीहरूलाई काम गर्न नदिने, बैठक बस्न नदिने, फायल, माइन्युट र अन्य सरकारी कागजपत्र खोस्ने र पठनपाठन बन्द गराउनेजस्ता अशोभनीय कामहरू गरेर शिक्षा क्षेत्रमा अराजकताको नेतृत्व गरिरहेको छ । यो बैठक, विश्वविद्यालयको स्वायत्तता र प्राज्ञिक मर्यादामाथि हस्तक्षेप गर्दै सत्तापक्षबाट निरन्तर भइरहेका यस्ता क्रियाकलापप्रति गम्भीर आपत्ति प्रकट गर्दै यस्ता कामहरू अविलम्ब रोक्न चेतावनी दिन चाहन्छ ।

९. न्यून बर्षा, खडेरी र सरकारले समयमै रासायनिक मल उपलब्ध गराउन नसक्दा कृषि उत्पादन घट्न गई मुलुकमा खाद्य संकट उत्पन्न हुने खतरा बढेको छ । खासगरी खडेरीले तराई-मधेसका किसानहरूलाई थप मर्कामा पारेको छ । यसले कृषि उपजको बृद्धिमा प्रतिकूल प्रभाव पार्ने, खाद्यान्न र खाद्य वस्तुको आयातमा बृद्धि हुने र किसान अझ गरिब हुँदै जानेजस्ता अनेक नकारात्मक प्रभाव पार्ने निश्चित छ । यसबाट निकट भविष्यमा मुलुकको अर्थतन्त्र प्रभावित हुनुका साथै मानवीय संकट आउनसक्ने खतरातर्फ गम्भीरतापूर्वक ध्यान दिई समयमै खाद्य सुरक्षाको आवश्यक सजगता अपनाउन यो बैठक सरकारको ध्यानाकर्षण गराउन चाहन्छ ।

१०. मुलुकको राजनीति दुई ध्रुवमा ध्रुवीकृत हुँदै गएको छः अग्रगमन वा यथास्थिति ? राष्ट्रिय स्वाभिमान वा आत्मसमर्पण ? समृद्धि वा अधोगति ? सबल नेतृत्व वा भागबण्डाको राजनीति ? निर्वाचनको संघारमा उभिएको बेलामा यस्ता गहन र दीर्घकालीन विषयमा गम्भीर बहस र निर्णय हुन अत्यन्त आवश्यक छ । यसका लागि राष्ट्रियता, लोकतन्त्र र समाजवाद पक्षधर व्यक्ति तथा शक्तिहरू एक ठाउँमा उभिनुपर्ने आवश्यकता टड्कारो भएको छ । यो बैठक, राष्ट्रियता, लोकतन्त्र र अग्रगमन पक्षधर सबै व्यक्ति तथा शक्तिहरूलाई एकताबद्ध र ध्रुवीकृत हुँदै दक्षिणपन्थ र यथास्थितिवादका विरूद्धमा दृढतापूर्वक उभिन र त्यसका लागि सबल राष्ट्रिय शक्ति निर्माणका लागि नेकपा (एमाले) मा गोलबन्द हुन आह्वान गर्दछ ।

११. सांस्कृतिक विविधता र परम्पराहरूले समृद्ध रहेको हाम्रो मुलुकमा महिलाहरूले मनाउने तीज पर्व नजिकै आएको छ । सांस्कृतिक पक्षका अलावा पारिवारिक र सामाजिक सद्भाव अभिबृद्धिका लागि हाम्रा पर्वहरूले सकारात्मक योगदान गरिरहेका छन् । यी सकारात्मक पक्षहरूलाई अझ उजागर गर्दै सामाजिक चेतना निर्माणमा यस्ता पर्वहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्ने गरेका छन् । यो बैठक, आपसी सद्भाव अभिबृद्धिका साथै शोषण, उत्पीडन, अभाव र भेदभावका विरूद्ध सामाजिक जागरणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने तीज पर्वका अवसरमा सम्पूर्ण नेपाली दिदीबहिनीहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्दछ । साथै, यो बैठक थारू जातिको महत्वपूर्ण पर्व अटवारी र सुदूरपश्चिममा मनाइने गौरा पर्वका अवसरमा शुभकामना व्यक्त गर्दछ ।

१२. यो बैठक पार्टीका केन्द्रीय सल्लाहकार परिषद् सदस्य कमरेड इन्दिरा चापागाईं, रोल्पा जिल्ला कमिटी सचिव कमरेड निमप्रसाद रोक्का, कम्युनिस्ट योद्धा नानीमैयाँ नकर्मी र गण्डकी प्रदेश कमिटीका अध्यक्ष कमरेड नवराज शर्माका पिता यमलाल शर्माको निधनप्रति गहिरो दुःखका साथ श्रद्धाञ्जली अर्पण गर्दै शोकाकूल परिवारजनमा समवेदना व्यक्त गर्दछ ।

**पृथ्वीसुब्बा गुरूङ**
**उपमहासचिव तथा प्रमुख**
**केन्द्रीय प्रचार तथा प्रकाशन विभाग**